# बैठक संख्याः ९, मितिः २०७८ चैत्र २०

## निर्णयहरु

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

**प्रस्ताव नं. १ : अघिल्लो बैठकमा निर्णय भएका विषयहरुको समिक्षा ।**

निर्णयः अघिल्लो बैठकमा निर्णय भएका विषयहरुको समिक्षा गरियो ।

**प्रस्ताव नं. २ : आ.ब. २०७८/०७९ को दोस्रो चौमासिक सम्मको प्रगति समिक्षा गोष्ठी सम्बन्धमा ।**

निर्णयः आ.ब. २०७८/०७९ को दोस्रो चौमासिक सम्मको प्रगति समिक्षा गोष्ठी मिति २०७८ चैत्र २२ गते मंगलबार बिहान ८ बजे गर्ने।

**प्रस्ताव नं. ३ : गरिब घर परिवार पहिचानको गुनासो सुनुवाई समितिबाट स्वीकृत सूची सम्बन्धमा ।**

निर्णयः गरिब घर परिवार पहिचानको गुनासो सुनुवाई समितिबाट स्वीकृत सूची स्वीकृत गरि भूमि व्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालय, सिंहदरबार, काठमाडौं पठाउने ।

**प्रस्ताव नं. ४ : गर्भवती महिलालाई ४५ दिन थप पोषण उपलब्ध गराउन आवश्यक रकम सम्बन्धमा ।**

निर्णयः गर्भवती महिलालाई ४५ दिन थप पोषण उपलब्ध गराउन आवश्यक रकम रु. दश लाख शिर्षक भैपरि आउने चालु खर्चबाट विनियोजन गर्ने ।

**प्रस्ताव नं. ५ :चालु आ.ब. २०७८/०७९ को बाढी पहिरो पिडितलाई राहत सम्बन्धमा।**

निर्णयः चालु आ.ब. २०७८/०७९ को वर्षा मौसममा आएको अविरल झरीमा भत्किएका घर, टहरा तथा सार्वजनिक संरचनाको प्रकोप पिडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७६ को व्यवस्था अनुरुप सम्बन्धित वडाका प्राविधिकलाई क्षतिको विवरण एकिन गर्न अनुगमन गर्न पठाउने। प्राविधिकले मिति २०७८ चैत्र मसान्त भित्र प्रतिवेदन पेश गर्ने । मिति २०७७ श्रावण ९ गतेको निर्णय नं ४ तथा प्राविधिक प्रतिवेदन अनुसार भुक्तानी गर्ने ।

**प्रस्ताव नं. ६ : मेलमिलाप कर्ताको सूची स्वीकृत।**

निर्णयः मेलमिलाप कर्ताको सूची स्वीकृतका लागि सभामा पेश गर्ने।

**प्रस्ताव नं. ७ : बालमैत्री स्थानीय शासनको कार्ययोजना स्वीकृती ।**

निर्णयः बालमैत्री स्थानीय शासनको आ.ब. २०७८/०७९ को कार्ययोजना स्वीकृती गर्ने ।

२०७८/१२/२०

**प्रस्ताव नं. ८ : साना विकास परियोजना भारतीय राजदूतावास, काठमाडौं, विकास साझेदारी एवं पुननिर्माण प्रभागबाट स्वीकृत भएको परियोजना सम्झौता।**

**निर्णयः** साना विकास परियोजना भारतीय राजदूतावास, काठमाडौं, विकास साझेदारी एवं पुननिर्माण प्रभागबाट स्वीकृत भएको परियोजना महेशफाट सिंचाई, गल्छी ६ सम्झौताको लागि गा.पा. अध्यक्ष श्री कृष्णहरी श्रेष्ठ ज्यूलाई पठाउने ।

**प्रस्ताव नं. ९ : शुन्यघर सुत्केरी घोषणा ।**

**निर्णयः** शुन्यघर सुत्केरी घरधुरी सर्वेक्षण कार्यक्रमको क्रियाकलाप प्रतिवेदन अनुसार गल्छी गा.पा. वडा नं. ६ लाई शुन्यघर सुत्केरी घोषणा गर्ने ।

**प्रस्ताव नं. १० : गजुरी ६ देउराली र गल्छी २ बेलिनटार महादेवस्थान झो.पु. ।**

**निर्णयः** गजुरी ६ देउराली र गल्छी २ बेलिनटार महादेवस्थान, पहरे जङ्गार कोल्पुखोला झो.पु. निर्माणका लागि स्थानीय पूर्वाधार विभागमा अनुरोध गरि पठाउने ।

**प्रस्ताव नं. ११ : विविध ।**

**निर्णयः देहाय अनुसार गर्ने,**

१. बाह्रबिसे बेलिनटार कुला मर्मतको प्राविधिक इस्टिमेट बमोजिमको बढिमा रु तिस हजार भुक्तानी दिने ।

२. श्री अभिजित वि.क. लाई अस्पतालको रिपोर्ट अनुसार रु बिस हजार आर्थिक सहायता दिने ।